# कालिका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रेडक्रसग्राम, चितवन
बागमती प्रदेश, नेपाल


मितिः २०८१/०४/०१

## सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरुले परिचयपत्र नवीकरण गराउने सम्बन्धी सूचना।

सामाजिक सुरक्षा (दोश्रो संशोधन) नियमावली,२०७६ को नियम ९ बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आगामी आर्थिक वर्षमा पनि भत्ता लिन चाहेमा प्रत्येक आर्थिक वर्षको श्रावण १ गतेदेखि भाद्र मसान्तभित्र नवीकरण गर्नुपर्ने व्यवस्था रहेको हुँदा यस कालिका नगरपालिकाबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आ.व ०८१/८२ का लागि मिति २०८१/०४/०१ देखि २०८१/०५/३१ गतेसम्ममा सम्बन्धित वडा कार्यालयमा स्वयं उपस्थित भई अनिवार्य नवीकरण गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

नवीकरणका लागि आवश्यक कागजातहरु:

१. राष्टिय परिचयपत्र नं।(बालबालिका, अशक्त, असहाय तथा ९० वर्ष माथिका जेष्ठ नागरिकलाई अनिवार्य नभएको)
२. ज्येष्ठ नागरिक (अन्य र दलित): सामाजिक सुरक्षा भत्ता परिचयपत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, १ प्रति पासपोर्ट साईज फोटो।
३. ज्येष्ठ एकल महिला (६० वर्ष माथि): सामाजिक सुरक्षा भत्ता परिचयपत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, १ प्रति पासपोर्ट साईज फोटो, पतिको मृत्यु भएकाको हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्र प्रतिलिपि, अविवाहितको हकमा अविवाहित प्रमाणित,न्यायीक पृथकीकरण गरी बसेका हकमा प्रमाण खुल्ने कागजात, सम्बन्धविच्छेद गरी अर्को विहे नगरेकाको हकमा प्रमाण खुल्ने कागजात।
४. विधवा महिला (६० वर्ष मुनी): सामाजिक सुरक्षा भत्ता परिचयपत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, १ प्रति पासपोर्ट साईज फोटो, पतिको मृत्यु दर्ता प्रमाणपत्र प्रतिलिपि, अर्को विवाह नगरेको प्रमाणित।
५. पूर्ण तथा अति अशक्त अपाङ्ग: सामाजिक सुरक्षा भत्ता परिचयपत्रको प्रतिलिपि, नागरिकताको/जन्मदर्ताको प्रतिलिपि, १ प्रति पासपोर्ट साईज फोटो, अपाङ्गता परिचयपत्र, संरक्षकको नागरिकताको प्रतिलिपि।
६. बालपोषण(दलित बालबालिका): सामाजिक सुरक्षा भत्ता परिचयपत्रको प्रतिलिपि, जन्मदर्ताको प्रतिलिपि, १ प्रति पासपोर्ट साईज फोटो, संरक्षकको नागरिकताको प्रतिलिपि।

सामाजिक सुरक्षा भत्तासम्बन्धि थप जानकारीका लागि:
कालिका नगरपालिका पञ्जीकरण उपशाखा
रामप्रसाद अधिकारी (शाखा प्रमुख): ९८५११४४१४५
सरोज लामिछाने (एम आई एस अपरेटर): ९८५५०१४७५४

८१।४।१
चूडामणी शर्मा गौतम
प्रमुख प्रशासकीय अधिकृत